## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

वैठक संख्याः २०७९/०८०-०१

मिति २०७९/०४/२०

समयः दिनको १५:०० बजे

स्थानः गाउँ कार्यपालिकाको कार्यालय

अध्यक्षताः गाउँपालिका अध्यक्ष श्री तिल बहादुर थापा

**उपस्थितीः**

| नामथर | पद |
|---|---|
| १) श्री तिल बहादुर थापा | गा. पा. अध्यक्ष |
| २) श्री भुवन सिं गुरुङ | गा. पा. उपाध्यक्ष |
| ३) श्री मनि राज गुरुङ | १ नं. वडाध्यक्ष |
| ४) श्री मीन बहादुर राना मगर | २ नं. वडाध्यक्ष |
| ५) श्री टेक बहादुर आले | ३ नं. वडाध्यक्ष |
| ६) श्री मित्र लाल गुरुङ | ४ नं. वडाध्यक्ष |
| ७) श्री पूर्ण बहादुर कुँवर | ५ नं. वडाध्यक्ष |
| ८) श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| ९) श्री हुम माया खान | गा.का.पा. सदस्य |
| १०) श्री याम माया गुरुङ | गा.का.पा. सदस्य |
| ११) श्री मन माया वि.क. | गा.का.पा. सदस्य |
| १२) श्री गंगा सिं वि.क. | गा.का.पा. सदस्य |
| १३) श्री बाबुराम परियार | गा.का.पा. सदस्य |
| श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |

**कर्मचारी उपस्थितीः**

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका गाउँ कार्यपालिकाको वैठक

**मितिः २०७९/०४/२०** **वैठक संख्या: ०१-२०७९/०८०**

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा
२. जग्गा नापी तयारी सम्बन्धमा ।
३. अनुगमन तथा जाँचबुझ सम्बन्धमा ।
४. पदपूर्ति सम्बन्धमा ।
५. प्राविधिकलाई थप काम लगाउने सम्बन्धमा ।
६. सडक मर्मत सम्बन्धमा ।
७. विश्व आदिवासी दिवसमा बिदा दिने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं. १:** भारी वर्षातको कारण विभिन्न ठाउँमा सडक भत्किएको, पहिरो गएको लगायतका विषयमा र यस अघिको कार्यपालिका वैठकको निर्णय कार्यान्वयन प्रगति समिक्षा गरियो ।

**निर्णय नं. २:** भूमिहिन दलित, भूमिहिन, सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधि, २०७८ को दफा १३ अनुसार राष्ट्रिय भूमि आयोग जिल्ला समिति तनहुँबाट खटिई आएका टोलीको लागि थप आवश्यक जनशक्ति उपलब्ध गराउने र भूमि व्यवस्थापनका लागि भूमी आयोग कार्यक्रम खर्च शिर्षक नं. २२५२२ शिर्षकबाट तपसिल अनुसारको खर्च गर्ने/दिने निर्णय गरियो ।

**तपसिल:**

क) चेनमेन (नापी कामदार) प्रति मेशिन नापी विभागको नर्मस (मापदण्ड) अनुसारको संख्यालाई पारिश्रमिक,
ख) टोलीको लागि आवश्यक आवास/घरको खर्च,
ग) टोलीको लागि आवश्यक ईन्धन मोटरसाईकलको लागि प्रति हप्ता ७ लि. र गाडीको लागि प्रति हप्ता २५ लि.,
घ) प्रोत्साहन स्वरुप खाना खाजा खर्च,
ङ) आवश्यक मसलन्द सामाग्री

**निर्णय नं. ३:** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. १२३ मिति २०७९/०४/०१ को प्राप्त पत्र अनुसारको विषयमा जानकारी भयो । सो विषयमा आवश्यक अनुगमन तथा जाँचबुझ गरी प्रतिवेदन पेश गर्नको लागि तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

तपसिल:

क) ५ नं. वडा अध्यक्ष श्री पूर्ण बहादुर कुँवर - संयोजक
ख) कार्यपालिका सदस्य श्री गंगा सिं वि.क. - सदस्य
ग) गाउँ सभा सदस्य श्री कमला गुरुङ - सदस्य

**निर्णय नं. ४:** पदपूर्ति गर्ने सम्बन्धमा ।

क) गत आ.व.मा कार्यरत सेवा करारका कर्मचारीहरुको यस आ.व.को लागि करार सम्झौता हुन नसकेको/नभएका तथा यस आ.व.मा थप करार सम्झौता गर्नुपर्ने तपसिल अनुसारका पदहरुमा स्थायी पदपूर्ति हुने पदको हकमा स्थायी पदपूर्ति नभए सम्मको लागि र करारबाट पदपूर्ति हुने पदको हकमा सम्झौतामा तोकिएको शर्त अनुसार हुने गरी तपसिल अनुसारको पदहरुको पदपूर्ति करार सेवाबाट गर्ने निर्णय गरियो र करार सेवाबाट तुरुन्त पदपूर्ति गर्नको लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिइयो ।

तपसिल:

| क्र.सं. | पद | तह | सेवा/समुह | पद संख्या |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि अधिकृत | छैठौं | विविध | १ |
| २ | कृषि अधिकृत | - | कृषि/वाली संरक्षण | १ |
| ३ | पशु चिकित्सक | - | कृषि/भेटेरिनरी | १ |
| ४ | सिभिल ईन्जिनियर | छैठौं | ईन्जिनियरिङ्ग/सिभिल | १ |
| ५ | रोजगार संयोजक | छैठौं | विविध/रोजगार | १ |
| ६ | रोजगार सहायक | पाचौं | विविध/ रोजगार | १ |
| ७ | प्राविधिक सहायक | पाचौं | विबिध/ रोजगार | १ |
| ८ | सव-ईन्जिनियर | पाचौं | ईन्जिनियरिङ्ग/सिभिल | २ |
| ९ | कृषि प्राविधिक सहायक | पाचौं | कृषि | २ |
| १० | ना.प्रा.स. (OVOT) | चौथो | कृषि | १ |
| ११ | ना.प.स्वा.प्रा. (OVOT) | चौथो | कृषि/भेटिरिनरी | १ |
| १२ | अ.हे.व. | चौथो | स्वा.हेल्थ इन्स्पेक्सन | १ |
| १३ | का.स. | प्रथम स्तर | प्रशासन | ४ |

रमेश दुवेदी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष

ख) मिति २०७९/०३/३१ गतेको कार्यपालिकाको वैठकको निर्णय अनुसार यस आ.व. २०७९/०८० को लागि करार सम्झौता म्याद थप हुन नसकेको तपसिलको पदमा पदपूर्तिको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सम्बन्धमा

तपसिल:

१) एम.आई.एस. अपरेटर १ र फिल्ड सहायक २ जनाको पदपूर्ति प्रक्रियाको लागि राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागलाई अनुरोध गरी लेखि पठाउने ।

**निर्णय नं. ५:** यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा अ.सव-ईन्जिनियर, सव-ईन्जिनियर पदमा कार्यरत भए पनि निजले इन्जिनियर उत्तिर्ण गरी काउन्सिलमा दर्ता गरी NEC नम्बर प्राप्त गरेको भए निजलाई इञ्जिनियरको हैसियतले घर नक्शा लगायतका अन्य काममा लगाउन सकिने निर्णय गरियो । निजले इन्जिनियरको हैसियतले गरेको दस्तखतलाई मान्यता दिने निर्णय गरियो ।

**निर्णय नं. ६:** वर्षातको कारण विपदजन्य रुपमा मुख्य सडक भत्किएमा, पहिरो गएमा, सडक अवरुद्ध भएमा मर्मत शिर्षकबाट खर्च गर्ने गरी इष्टिमेट अनुसार मर्मत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७:** मिति २०७९ श्रावण २४ गते मंगलबार (9th August) **"२८ औं विश्व आदिवासी दिवस"** को अवसरमा देवघाट गाउँपालिका तथा गाउँपालिका अन्तर्गतका सम्पूर्ण कार्यालयहरु, सामुदायिक एवं नीजि शैक्षिक संस्था, स्वास्थ्य संस्था (अत्यावश्यक सेवा बाहेक) र अन्य संघ संस्थाहरुमा सार्वजनिक विदा दिने निर्णय गरियो ।

...श लुवंटी
प्रमुख प्रशासकीय अधिकृत

तिल बहादुर थापा
अध्यक्ष